समाजवादी गणतन्त्र कामदार वर्गको प्रजातन्त्र हो

# नेपाल मजदुर किसान पार्टी

## संविधानसभा निर्वाचन-२०६४

# घोषणापत्र



नेपाल मजदुर किसान पार्टी

केन्द्रीय चुनाव प्रचार समिति

# संविधानमा राखिनुपर्ने मौलिक हक

क) शोषण विरोधको अधिकार,

ख) व्यक्तित्व विकासमा समान अवसर,

ग) रोजगारको सुनिश्चितता 'योग्यता अनुसारको काम र काम अनुसारको ज्याला'को बन्दोवस्त,

घ) प्राथमिक कक्षादेखि उच्च मा.वि. शिक्षासम्म अनिवार्य र उच्च शिक्षा निःशुल्क,

ङ) १८ वर्षका हरेक नेपाली नागरिकहरुलाई अनिवार्य सैनिक तालिमको बन्दोवस्त,

च) ज्येष्ठ नागरिकहरुलाई जीवनको सुनिश्चितता र 'आदर निकेतन'को सुविधाको अधिकार,

छ) दुधे बाल-बालिकाको निम्ति शिशुशाला र खेल्ने बाल-बालिकाको निम्ति बाल-उद्यानको बन्दोबस्त गाविस र नगरपालिकाको हरेक वडा, कल-कारखाना, कार्यालय आदिमा अनिवार्य गराउने,

ज) उपचारबिना कुनै व्यक्ति मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकहरुलाई समान रुपले निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने,

झ) टुहुरा-टुहुरी, अपाङ्ग, विधवा, विरामी र आफन्तविनाका असहाय नागरिकहरुलाई सरकारले जीवनको सुरक्षाको सुनिश्चितता गर्ने,

ञ) बेरोजगार युवाहरुलाई भत्ताको बन्दोवस्त,

ट) खेलकुद र शारीरिक शिक्षाको बन्दोवस्त,

ठ) रोजगार, शिक्षा र स्वास्थ्यको सहुलियत आदिमा आ-आफ्नो प्रान्तका नागरिकहरुले विना भेदभाव काम र सेवा पाउने मौलिक हकको सुनिश्चितता हुनेछ ।

# संविधानसभा निर्वाचन - २०६४

# घोषणापत्र

*दिदीबहिनी तथा दाजुभाइहरु,*

देशको मूल कानुन वा संविधान बनाउन जनताबाट निर्वाचित प्रतिनिधिहरुको सभा नै संविधानसभा हो । संविधानसभाको सदस्यमा निर्वाचित हुने प्रतिनिधिहरु देश र जनताप्रति असल एवं इमान्दार हुनु आवश्यक छ । जनताको मत लिन मीठा-मीठा आश्वासनहरु बाँड्ने र निर्वाचनमा जितिसकेपछि देश र जनताको हित विपरीत काम गरी आएका राजनीतिक दल र प्रतिनिधिहरुले देश र जनताको सेवा नगर्ने कुरा प्रष्ट छ ।

संविधानसभा साधन मात्र हो, साध्य होइन । संसारका धेरै देशका संविधान संविधानसभाबाट बनाइएका छन् । तर ती संविधानहरुले देश र जनताको व्यापक हित गर्न सकेनन् । नेपालमा पनि संविधानसभालाई सामन्त र पूँजीपति वर्गको अधिकार बाँडफाँटमा सीमित गर्ने प्रयास भइरहेको छ । यसबारे नेपाली जनता सचेत हुनु आवश्यक छ ।

नेपाल मजदुर किसान पार्टीले आफ्नो स्थापना कालदेखि नै देश र जनताको दीर्घकालीन हितलाई ध्यानमा राखी नेपालको कम्युनिष्ट आन्दोलनमा सैद्धान्तिक स्पष्टताको आवाज उठाउँदै आएको छ । यस परिप्रेक्ष्यमा नेमकिपाले संविधानसभाको निर्वाचनलाई पनि वर्गीय र राजनैतिक संघर्षको दबुको रुपमा उपयोग गर्दै जनताको राजनैतिक

चेतनास्तर नाप्ने ब्यारोमिटरको रुपमा उपयोग गर्छ ।

शासक पार्टीहरु संघीय लोकतान्त्रिक गणतन्त्रबाट जनताका सबै समस्या समाधान हुने दाबी गर्दैछन् । संविधानसभाबाट बन्ने तिनीहरुको नयाँ संविधानको रुपरेखा अन्तरिम संविधानमा पनि झल्केको छ । संघीय शासन प्रणाली नै प्रजातन्त्र र विकासको सुनिश्चितता होइन, न त लोकतान्त्रिक गणतन्त्र नै कामदार जनताको प्रजातन्त्र हो । जनआन्दोलनका बेला विराम र गल्ती स्वीकार गरेका र जनतासामू क्षमा मागेका शासक पार्टीहरु पुनः सत्ता भागवण्डा र लुछाचुँडीमै फसेका छन् ।

सरकारमा गएका पार्टीहरुले २०४६ सालको जनआन्दोलनको मर्म र भावना अनुरुप काम गरेनन् । जनआन्दोलन दबाउनेमाथि मल्लिक आयोगको प्रतिवेदनअनुसार कारवाही भएन । राजनैतिक र सामाजिक अपराधीहरुले ठूलठूला पूँजीवादी पार्टीहरुमा प्रवेश पाए । त्यसकारण सरकार र प्रशासन झन् झन् अपराधमा मुछिदैछन् ।

जनता सामू दिएका आश्वासनहरु पूरा गरेनन् । सत्ताको लागि सांसद र मन्त्रीहरुलाई विदेश भगाए, प्राडो र पजेरोमा फसे । भ्रष्टाचार बढ्यो, देश हाहाकारमा डुब्यो र महंगी बढ्यो । माओवादीलाई नियन्त्रण गर्ने निहूँमा संकटकालको घोषणा गरियो । प्रतिगमनकारीहरुले टाउको उठाउने मौका पाए । फलस्वरुप २०५९ जेष्ठ ८ गते राती प्रतिनिधिसभाको विघटनसंगै देशमा प्रतिगमन शुरु भयो । २०५९ साउनमा स्थानीय निकायको म्याद नबढाईदा देश जनप्रतिनिधि विहीन भयो । देशलाई प्रतिगमनबाट जोगाएर प्रजातान्त्रिक प्रकृयामा फर्काउन नेमकिपाले अर्को निर्वाचन नभएसम्म स्थानीय निकाय र संसदमा जनप्रतिनिधिहरुको

पुनर्वहाली हुनुपर्नेमा जोड दियो । संसदको पुन:स्थापना भयो तर शासक पार्टीहरुले स्थानीय निकायको पुन:स्थापना गरेनन् । यसले तराईलाई अशान्त बनाउन आगोमा घ्यू थप्यो ।

शासक पार्टीहरुको देश र जनताविरोधी कामदेखि आक्रोशित नेपाली जनता प्रतिगमनविरोधी आन्दोलनमा तदारुकताका साथ सहभागी हुन चार वर्ष लाग्यो । जनताको आन्दोलन उठिसकेपछि 'कुटनैतिक दबाव'मा आन्दोलन बीचमा तुहाउने काम भयो । सरकारमा नगई बाँच्नै नसक्ने दलहरु 'प्रतिगमन आधा सच्चियो' र 'पूरा सच्चियो' भन्दै राजाको मनोनीत सरकारमा गए । १८ असोज २०५९ को राजाको कदमको विरोध पनि गर्ने र राजाको मनोनयनको सरकारमा पनि जाने ती दलहरुको दोधारे तथा चमेरो चरित्र जनतामाझ उदांगियो ।

नेमकिपा चार दलको संयुक्त जनआन्दोलन अगाडि बढाउन सक्रिय भयो । १९ माघ २०६१ मा राजाले देउवा र एमाले सरकारलाई विघटन गरी आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गरे । राजाको प्रतिगामी सरकारमा सामेल हुने एमाले र तत्कालीन ने.कां (प्र) ले जनतासामू माफी माग्नुपर्ने अडान राख्दै नेमकिपाले प्रतिगमनविरुद्ध २०६१ चैत्र १८ गतेबाट एक्लै आन्दोलन शुरु गऱ्यो । आन्दोलनको क्रममा नेमकिपाका थुप्रै नेता र कार्यकर्ताहरु घाइते भए, जेल, नेल र हिरासतमा दु:ख पाए । जनआन्दोलनको क्रममा सरकारमा गएका दलहरुले आ-आफ्ना गल्ती स्वीकार गरी गल्ती नदोहऱ्याउने प्रतिबद्धता जाहेर गरे ।

प्रतिगमनको विरोधमा २५ बैशाख २०६२ का दिन सात दलको साझा सहमतिको घोषणा भयो र संयुक्त जनआन्दोलन शुरु भयो ।

विदेशी शक्तिहरुले जनआन्दोलनको समर्थनको नाउँमा ठूला दलहरुलाई आफ्नो इशारामा हिंडाए । नेमकिपाले विदेशीको भरमा होइन नेपाली जनताकै भरमा आन्दोलन उठाउनुपर्ने अडान राख्यो । ७ मंसिर २०६२ मा सात दल र माओवादी बीच १२ बुँदाको साझा सहमति भयो । त्यसपछि प्रतिगमनविरोधी आन्दोलनमा भारतको चलखेल बढ्यो । २४ चैत्रबाट जनआन्दोलनमा जनताको सहभागिता बढ्यो । उठ्दै गरेको जनआन्दोलन ११ बैशाख २०६३ को दिन राजाको सम्बोधनसंगै बीचैमा टुङ्गियो । नेमकिपा बाहेक ६ दलको सरकार गठन भयो ।

नेमकिपाले सरकारमा गएका मन्त्रीहरुले 'के-के काम गर्नुहुन्छ र के-के गर्नु हुँदैन' भन्ने किटान गर्नुपर्ने अडान राख्यो । यसलाई बेवास्ता गर्दा ६ दलको सरकार भागबन्डामा सीमित भयो । विदेशीलाई नागरिकता दिने ऐन र खानेपानी निजीकरणको नाममा विदेशी कम्पनिलाई दिने ऐन पारित गरियो । यसको विरोधमा संसदमा नेमकिपा एक्लैले मतदान गर्‍यो ।

१ माघ २०६३ का दिन अन्तरिम संविधान जारी भयो र व्यवस्थापिका-संसद गठन भयो । १८ चैत्र २०६३ को दिन नेमकिपा बाहेक माओवादी सहितको सातदलको अन्तरिम सरकार गठन भयो । अन्तरिम सरकारको न्यूनतम कार्यक्रम र मन्त्रीहरुको आचारसंहिता तयार गरियो । सरकारमा बस्ने दलहरुबीच राजदूत, उपकुलपति, रजिष्टार, महाप्रवन्धक आदि पदको भागबन्डा गरियो । जनआन्दोलन दबाउनेहरुमाथि कारबाही गरिएन । रायमाझी आयोगको प्रतिवेदन कागजमा सीमित भयो । अपराधीहरु ठूलठूला पार्टीहरुबाटै संरक्षित भए । भ्रष्टाचार, अभाव, वेरोजगारी, लोडसेडिङ्ग, महंगी आदि समस्यामा कुनै कमी

आएन । राजाको प्रतिगामी सरकार र अन्तरिम सरकारबीच कुनै तात्विक भिन्नता देखिएन ।

अन्तरिम संविधानमा बन्दोवस्त गरिएका नि:शुल्क शिक्षा र स्वास्थ्य उपचार, रोजगारीको सुनिश्चितता, खाद्य सम्प्रभुता र सामाजिक सुरक्षाको प्रत्याभूति जस्ता महत्वपूर्ण विषयहरु कार्यान्वयन गर्न कानुन बनाइएन । भूमिहीनहरुलाई जमिनको बन्दोवस्त र अशक्त एवं अपाङ्गहरुको बन्दोवस्ततर्फ अन्तरिम सरकारले ध्यान दिएन । गणतन्त्रको नारा दिने पार्टीहरुको अन्तरिम सरकारले निलम्बित राजाको लागि करोडौं बजेट व्यवस्था गऱ्यो । यसकारण नयाँ संविधानमा शासक पार्टीहरुबाट ठूलो आशा गर्ने ठाउँ छैन ।

सरकारमा बसेका दलहरुका नेताहरुको बरोबर भारत भ्रमण र भारतीय दूतावासमा वार्ता र राजनीतिक परामर्शले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप र सार्वभौमिकतामाथि थिचोमिचो हुने काम भएको स्पष्ट छ । नेपालको सीमानामा भारतले एकतर्फी बनाएका बाँध र तटबन्धहरुले नेपालको हजारौं विघा भूमि जलमग्न भएको छ र हजारौं नेपालीको उठिवास भएको छ । तर सरकारमा बस्ने पार्टीहरु लाचार भएर भारतीय विस्तारवादको अगाडि घुँडा टेक्दै गए ।

पूँजीवादी व्यवस्थाको हरेक निर्वाचनमा पद, पैसा, पशुबल र सत्ताको दुरुपयोग हुन्छ । यो संविधानसभाको निर्वाचन पनि त्यसबाट मुक्त हुने छैन । ठूल-ठूला पूँजीवादी दलहरुबाट संविधानसभा निर्वाचन आचार संहिता हाका-हाकी उलंघन भइरहेको छ । यसकारण नेपाल मजदुर किसान पार्टीले निर्वाचनमा नउठ्ने आन्दोलनकारीहरुको स्वतन्त्र निर्वाचन सरकार गठनको लागि आवाज उठाएको हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि कामदार वर्गमाथि सामन्त र पूँजीपति वर्गको शोषण र थिचोमिचो यथावत हुन्छ । केही व्यक्ति धनी र असंख्य जनता गरीव हुनेछन् । राष्ट्रपति वा प्रधानमन्त्रीको नाममा नयाँ खान्दानी वर्ग र 'निर्वाचित राजा' स्थापना हुनेछ । फलस्वरुप: जनतामा असन्तोष बढ्दै जानेछ र तिनीहरुको विरोधमा नयाँ-नयाँ संघर्ष र आन्दोलन चालू हुनेछन् ।

संघीय लोकतान्त्रिक गणतन्त्र भनिने पूँजीवादी गणतन्त्रले मानव जातिको समस्या समाधान गर्न सक्तैन । ६० वर्ष भन्दा पहिलेदेखि भारत, पाकिस्तान, वंगलादेश, श्रीलंका आदि देशहरुमा लोकतान्त्रिक गणतन्त्र चालू छ । तर जनताका समस्याहरु समाधान भएका छैनन् । जनताका सबै समस्या समाधान गर्न समाजवादी गणतन्त्र नै आवश्यक छ । समाजवादी गणतन्त्र नै कामदार वर्गको प्रजातन्त्र हो । यसकारण संविधानसभालाई कामदार जनताको आवाज उठाउने प्रतिनिधिहरुको सभामा परिणत गर्न सबै कामदार जनता सचेत हुन आवश्यक छ ।

## १. संघ राज्य

नेपाल मजदुर किसान पार्टीले १५/१६ वर्षदेखि सदन र सडकमा स्थानीय निकायलाई स्वायत्तताको अधिकार दिने र विकेन्द्रिकरणको सिद्धान्त लागू गर्न लगाउन आवाज उठाउँदै आएको हो ।

सत्तामा बसेका राजदरवारदेखि जिल्ला कार्यालयसम्मका मन्त्री, सचिव, महाप्रबन्धकदेखि हाकिमहरु तथा राजनैतिक पार्टीका नेताहरुमा भएको खस राष्ट्रिय अहंकारवाद, पक्षपात, हेला-होचो तथा भ्रष्टाचारको कारण देशका दुर्गम जिल्ला र तराई तथा जात-जाति र भाषा-भाषीहरु

अलग राज्य प्राप्त नगरेसम्म आफ्नो उन्नति नहुने तथा आफ्नो सन्तति उँभो नलाग्ने टुंगोमा पुगे । देश यो स्थितिमा पुग्नुमा आजसम्म सत्तामा पुगेका सबै राजनैतिक दलहरु र त्यसका नेता तथा मन्त्रीहरु जिम्मेवार छन् । तिनीहरु कहिल्यै जनताप्रति जिम्मेवार भएनन् र तिनीहरुमा कहिल्यै दीर्घकालीन सोच पलाएन तथा सरकारको परिवर्तनसँगै माथिल्ला कर्मचारीहरु हटाउने (स्वाइल सिष्टम) प्रणालीप्रति पनि कहिल्यै गम्भीर भएनन् ।

नेमकिपाले राजधानी दाङ्गमा सार्ने, देशको ठूलो बजेट काठमाडौं र मोरङ्गमा मात्र लगाउन नहुने तथा सन्तुलित विकासमा ध्यान दिनुपर्नेबारे आवाज बारम्बार उठायो । तर सत्तामा बसेका ठूला दलका नेताहरु र खस राष्ट्रिय अहङ्कारवादीहरुको घैंटोमा कहिल्यै घाम लागेन । यसकारण खस राष्ट्रिय अहङ्ककारवादको केन्द्र निरङ्कुश राजतन्त्रको विरोधमा नेपाली जनता उठे ।

राजतन्त्र सीमित सामन्त वर्गको परिवारहरुको हालीमुहाली हुने तथा अत्यन्त बहुमत जनता राज्य प्रशासनबाट पीडित रहने हुँदा पुरानो बन्दोबस्त एक्लिदै जाने, षड्यन्त्र, छलछाम तथा चाकडी चुगुलीको प्रतीक हुँदा राजतन्त्र युग अनुरुप नहुनु स्वभाविक हो । मानिसको शारीरिक विकासमा बाँदरको पुच्छर हराए जस्तै मानव समाजको विकासमा निरङ्कुश राजतन्त्र बिलाउँदै जानु स्वभाविक छ । यसकारण भोलिको नेपाल राजाविनाको राज्य व्यवस्था हुनेछ । नेमकिपा कामदार जनताको हैकम, शोषणविरुद्धको अधिकार तथा आर्थिक समानतातिर उन्मुख समाजवादी गणतन्त्रको पक्षमा उभिन्छ । नेमकिपा समाजवादी गणतन्त्र उन्मुख बन्दोवस्तहरु संविधानमा समावेश गराउन जोड दिन्छ ।

नेपालमा भूगोलको आधारमा बनेको अञ्चललाई नै प्रान्तहरुको रुप दिंदा व्यवहारिक हुनेछ । अथवा राज्यहरुको विभाजन संविधानसभामा ठूलो छलफलपछि संविधानसभाले निर्क्योल गर्नेछ ।

रक्षा, परराष्ट्र, यातायात, सञ्चार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान र प्रविधि, हुलाक, भन्सार आदि केन्द्रीय सरकारमा निहीत हुनेछ ।

कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, राज्य स्तरको यातायात, घरेलु र कुटीर व्यवसाय, प्रान्तीय कर, भाषा र कला-संस्कृति आदि राज्य सरकारको मातहतमा हुनेछ ।

## २. कार्यपालिका

नेपालमा कहिले निरङ्कुश राजतन्त्र त कहिले दुई पार्टी तानाशाही रह्यो तथा भविष्यमा तीन पार्टीको तानाशाही हुने सम्भावना देखिन्छ । ती ठूला दलहरुको तानाशाही, पक्षपात र भागबण्डाले सारा जनता आक्रान्त छन् । यसकारण ठूला दलको तानाशाही र भागबण्डाले नेपालमा अस्थिरताको सम्भावना टड्कारो छ ।

देशको स्थिर प्रशासनको निम्ति जनताको प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने राष्ट्रपतिको बन्दोबस्त गरिनु पर्दछ । राष्ट्रपतिले निर्वाचनमा सदर मतको ५१ प्रतिशत लिएको हुनु पर्दछ । राष्ट्रपतिले आफ्नो अनुकुलतामा एक मन्त्री परिषद् बनाउन सक्नेछ । प्रतिनिधिसभा र राष्ट्रिय सभाको कुनै पनि सदस्य मन्त्री हुनेछैन । मन्त्रीहरु राष्ट्रपतिप्रति जिम्मेवार हुनेछन् । राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुनेछ ।

राष्ट्रपति "राष्ट्र प्रमुख", "सरकार प्रमुख" र सेनाको "सेना अध्यक्ष" हुनेछ ।

देशको भू-अखण्डतालाई आँच आउने कार्य हुने भएमा वा देशको एकतामा बाधा पार्ने वा आँच आउने कार्यलाई रोक्न राष्ट्रपतिले सम्बन्धित प्रान्तीय सरकार र प्रान्तीय विधानसभालाई समेत भङ्ग गरी राष्ट्रपतीय शासन लागू गर्न सक्नेछ ।

## ३. व्यवस्थापिका

व्यवस्थापिका दुई सदनात्मक हुन्छ । क) माथिल्लो सदन वा जातजातिको राष्ट्रिय सभा ख) तल्लो सदन वा प्रतिनिधि सभा ।

माथिल्लो सभा जातजातिको सभा (House of Nationalities) हुनेछ । प्रान्तहरुबाट चुनिएका तीन-तीन जना सदस्यहरुबाट माथिल्लो सदनको निर्माण हुनेछ । त्यो सदन स्थायी सदन हुनेछ ।

प्रतिनिधिसभाले देशलाई आवश्यक र समय सुहाउँदो विधेयकहरु निर्माण गर्दछ । प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको हुनेछ । प्रतिनिधिसभाको चुनाव मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (MMPR) को आधारमा हुनेछ । यो प्रणालीमा जनसंख्या र भूगोल (निर्वाचन क्षेत्र) को सम्वोधन हुन्छ ।

- दुबै सदनको संयुक्त बैठकमा राष्ट्रपतिले बजेट प्रस्तुत गर्नेछ ।
- राष्ट्रपतिको आह्वानमा सदनहरुको बैठक बस्नेछ र बैठकको अन्त्य हुनेछ ।

- दुवै सदनको बहुमतले राष्ट्रपतिलाई सचेत र सजग पार्नेछ ।
- दुवै सदनको संयुक्त बैठकका दुई तिहाई बहुमतले राष्ट्रपतिलाई महाअभियोग पारित गर्न सक्नेछ ।
- प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरुलाई प्रत्याह्वान गर्ने व्यवस्था हुनेछ ।

## ४. प्रान्तीय विधानसभा

क) प्रान्तीय विधानसभा एक सदनको हुनेछ र त्यसका सदस्यहरु भूगोल र जनसंख्याको आधारमा मतदाताहरुबाट निर्वाचित हुनेछन् ।

ख) प्रान्तीय विधानसभाका सदस्यहरुको कार्यावधि ४ वर्षको हुनेछ ।

ग) प्रान्तीय विधानसभाले आ-आफ्नो प्रान्तको जाति, भाषा-भाषीहरुको भावना र आवश्यकता अनुसार कला, संस्कृति, भाषा र साहित्यको विकासबारे विधेयकहरु पारित गर्नेछ ।

घ) प्रान्तीय विधानसभाले आ-आफ्नो प्रान्तको प्रमुख मन्त्री चुन्नेछ र प्रमुख मन्त्रीले मन्त्रीहरुको चयन गर्नेछ ।

ङ) केन्द्रीय सरकारबाट नियुक्त गरिएका प्रान्तीय प्रमुख अधिकारी (गभर्नर) ले केन्द्र सरकार र प्रान्तीय सरकारको बीचमा पुलको काम गर्नेछ ।

च) प्रान्तीय विधानसभाका सदस्यहरुलाई प्रत्याह्वानको व्यवस्था हुनेछ ।

## ५. न्यायपालिका

क) केन्द्र र प्रान्तको बीचको विवाद, संवैधानिक विषय र प्रान्तहरुको माझको विवादको छिनोफानो र निर्णय सर्वोच्च अदालतले गर्नेछ ।

ख) हरेक प्रान्तको आ-आफ्नो प्रधान-अदालत हुनेछ ।

ग) प्रान्तको प्रधान-अदालतको मातहतमा जिल्ला अदालतहरु हुनेछन् ।

घ) आवश्यकताअनुसार सर्वोच्च अदालतले श्रम अदालत, उपभोक्ता अदालत, महिला अदालत र अन्य अदालत गठन गर्न सक्नेछ ।

## ६. संस्कृति संरक्षण

केन्द्रीय सरकार वा प्रान्तीय सरकारहरुले कुनै निश्चित क्षेत्र, नगर वा गाउँलाई त्यहाँको पुरातात्विक र ऐतिहासिक स्मारक संरक्षण गर्न तथा त्यहाँ कला-संस्कृति, भाषा, जाति एवं परिचयलाई जोगाउन सांस्कृतिक क्षेत्र, नगर वा गाउँ घोषणा गर्न सक्नेछन् । त्यस्ता सांस्कृतिक क्षेत्रमा अन्य ठाउँका नागरिकहरुले अचल सम्पत्ति किन्न नपाउने कानुनी बन्दोवस्त गरिने छ ।

## ७. दोहोरो नागरिकता

काठमाडौंमा अनियन्त्रित बसोबासको कारण खानेपानीको हाहाकार भयो, वातावरण प्रदूषित भयो र अपराध संख्यामा बृद्धि भयो । समाजमा बढ्दै गएको अराजकताले व्यापक जनता पीडित भएको र यस्तै अव्यवस्था अन्य क्षेत्रमा पनि फैलिने सम्भावनालाई रोक्न राष्ट्रिय र प्रान्तीय गरी दोहोरो नागरिकताको आवश्यकता टड्कारो देखिएको छ ।

## ८. प्राकृतिक स्रोत-साधनबारे

राष्ट्रियस्तरका प्राकृतिक स्रोत-जलस्रोत, खनिज, वनजङ्गल र विश्व सम्पदा केन्द्र सरकारको मातहतमा रहनेछ । यसको संरक्षण, संम्बर्द्धन र विकास केन्द्रीय सरकारले गर्नेछ । प्राकृतिक स्रोत-साधनबारे विदेशसंग सन्धि सम्झौताहरु संयुक्त सदनको दुई तिहाई बहुमतमा केन्द्र सरकारले मात्र गर्नेछ ।

प्रान्तीय स्तरका अन्य स्रोत र साधनहरु प्रान्तीय सरकारको मातहतमा रहनेछ ।

## ९. नागरिकको मौलिक अधिकार

संविधानको वर्गीय रुप, त्यसको प्रस्तावना र मौलिक एवं राजनैतिक अधिकारहरुबाट प्रष्ट हुन्छ । नेपाल मजदुर किसान पार्टीले पेशा, व्यवसाय, घुमफिर, आफ्नो मातृभाषा बोल्न पाउने, आफ्नो विश्वास अनुसारको धर्म मान्न पाउने, सामाजिक संघ-संस्था खोल्न पाउने जस्ता मौलिक अधिकारका साथै सरकारको विरोध गर्न पाउने, आफूलाई लागेको राजनैतिक दर्शन र राज्य-व्यवस्थाको प्रचार प्रसार गर्न पाउने, राजनैतिक दलहरु खोल्न पाउने, मतदान गर्न पाउने र आफ्नो इच्छा अनुसार निर्वाचनमा उम्मेदवार हुन पाउने जस्ता राजनैतिक अधिकारहरु संविधानमा किटान गर्ने छ ।

नेमकिपा वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा अन्य मानव अधिकारहरु संविधानमा उल्लेख गराउन जोड दिनेछ ।

नेपालको वर्तमान ऐन-कानुन र रीति-रिवाजअनुसार १६ वर्षको युवा वालिग हुन्छ अर्थात् सरकारी नोकरीको निम्ति योग्य हुन्छ, सम्पत्तिको

हकदार हुन्छ, अदालतमा जान सक्छ, अन्तिम संस्कार र धार्मिक कार्यको निम्ति योग्य हुन्छ । यसकारण नेमकिपाले पञ्चायतकालदेखि नै १६ वर्षको युवाले मताधिकार पाउनुपर्ने र १८ वर्षको उमेरमा स्थानीय निकायमा उम्मेदवार हुन पाउनुपर्ने विषय उठाउँदै आएको सर्वविदितै छ ।

संविधानसभाबाट बन्ने नेपालको संविधानको **मौलिक अधिकारमा** तल लेखिएका व्यवस्थाहरु उल्लेख गर्न जोड दिनेछ :

क) शोषण विरोधको अधिकार,

ख) व्यक्तित्व विकासमा समान अवसर,

ग) रोजगारको सुनिश्चितता 'योग्यता अनुसारको काम र काम अनुसारको ज्याला'को बन्दोवस्त,

घ) प्राथमिक कक्षादेखि उच्च मा.वि. शिक्षासम्म निःशुल्क र अनिवार्य तथा उच्च शिक्षा निःशुल्क,

ङ) १८ वर्षका हरेक नेपाली नागरिकहरुलाई अनिवार्य सैनिक तालिमको बन्दोवस्त,

च) ज्येष्ठ नागरिकहरुलाई जीवनको सुनिश्चितता र 'आदर निकेतन'को सुविधाको अधिकार,

छ) दुधे बाल-बालिकाको निम्ति शिशुशाला र खेल्ने बाल-बालिकाको निम्ति बाल-उद्यानको बन्दोबस्त गाविस र नगरपालिकाको वडा, कल-कारखाना, कार्यालय आदिमा अनिवार्य गराउने,

ज) उपचारबिना कुनै व्यक्ति मर्न नपरोस् भन्ने उद्देश्यले सबै नागरिकहरुलाई समान रुपले निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने,

झ) टुहुरा-टुहुरी, अपाङ्ग, विधवा, विरामी र आफन्तविनाका असहाय नागरिकहरुलाई सरकारले जीवनको सुरक्षाको सुनिश्चितता गर्ने,

ञ) बेरोजगार युवाहरुलाई भत्ताको बन्दोवस्त,

११) खेलकुद र शारीरिक शिक्षाको बन्दोवस्त,

१२) रोजगार, शिक्षा र स्वास्थ्यको सहुलियत आदिमा आ-आफ्नो प्रान्तका नागरिकहरुले विना भेदभाव काम र सेवा पाउने मौलिक हकको सुनिश्चितता हुनेछ ।

उपरोक्त मौलिक हकको साथसाथै संविधानमा तल लेखिएका प्रावधानहरु राख्न जोड दिइनेछ:

क) जनताको जीवन र देशको निम्ति अत्यन्त महत्वपूर्ण उत्पादनका साधनहरु र सेवा सामाजिकीकरण र राष्ट्रियकरण गर्ने,

ख) पेट्रोलियम पदार्थ, ग्याँस र खानेपानीजस्ता दैनिक उपभोग्य वस्तुहरु तथा सेवाहरुलाई राष्ट्रियकरण गर्ने,

ग) 'जसको जोत उसको पोत' सुनिश्चित हुने गरि क्रान्तिकारी भूमिसुधार लागू गर्ने,

घ) नेपाली नागरिकको सम्पत्तिको सीमा निर्धारण गर्ने,

ङ) नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने,

च) देशको ५० प्रतिशत बजेट स्थानीय निकायमार्फत् विकास-निर्माण गर्न दिने,

छ) प्राकृतिक श्रोत र साधनहरुको सन्धि-सम्झौता संसदको दुई तिहाई बहुमतबाट हुनुपर्ने,

ज) सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीशहरु

न्यायाधीशहरुबाट निर्वाचित गर्ने व्यवस्था गर्ने,

झ) नेपाली सेनाका प्रधानसेनापति सम्बन्धित अधिकृतहरुबाट निर्वाचन गर्ने र गराउने,

ञ) जनपद र सशस्त्र प्रहरीका प्रहरी महानिरीक्षकहरु सम्बन्धित प्रहरी अधिकृतबाट निर्वाचन गर्ने र गराउने,

ट) राज्यको संरचनामा जनसंख्याको आधारमा मजदुर र किसानको सहभागिता हुने व्यवस्था गर्ने,

ठ) राज्यको संरचनामा कामदार वर्गका महिलाहरुको ५१ प्रतिशत सहभागी सुनिश्चित गर्ने,

ड) पिछडिएको क्षेत्र र युगौंदेखि शोषित पीडित भएका जनतालाई अगाडि बढाउने ।

## १०. नागरिकका कर्तव्यहरु

नेपालका हरेक नागरिकले देशबाट अधिकार मात्र पाउने छैनन् बरु हरेक नागरिकहरुको देश र जनताप्रति कर्तव्य पनि पालन गर्नु पर्नेछ ।

क) हरेक नेपाली नागरिक देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतालाई आँखाको नानीलाई जस्तै जोगाउन कर्तव्यनिष्ठ रहने,

ख) आफ्नो देशको रक्षा र हितको विरोधमा विदेशीहरुलाई गुप्त ररक्षा मामिलाको सूचना दिने र जनताको हितविपरीत काम गर्ने देशद्रोही र जनद्रोहीबारे राज्यलाई सूचना दिने,

ग) हरेक नागरिकलें जातीय, क्षेत्रीय र भाषागत मेलमिलाप र सद्भावनाको निम्ति कार्यरत रहने तथा देशका विभिन्न भाषा, साहित्य, कला र संस्कृतिलाई माया र आदर गर्ने,

घ) देशको भू-अखण्डता र सीमाको सुरक्षाको निम्ति हरेक नागरिक स्वयंसेवक हुन सदा तत्पर रहने,

ङ) स्वदेश र विदेशमा रहने हरेक नागरिक आफ्नो देश र जनताको निम्ति आ-आफ्नो बल, वुद्धि र क्षेत्र मार्फत योगदान दिन तत्पर रहने र

च) टुहुरा-टुहुरी, अपाङ्ग, विरामी, बिधवा र ज्येष्ठ नागरिकहरुको र असहाय नागरिकहरुको सेवामा सहयोग गर्नु सबै नागरिकको कर्तव्य हुने ।

## ११. महिलाहरुको हितमा

समाजको आधा-आकाश ढाकेका महिलाहरुलाई नयाँ युगको अभियानमासँगै लान देशले केही वर्षको निम्ति महिला ऐन अथवा नयाँ ऐन-कानुनको व्यवस्था गर्नुपर्नेछ । त्यसको निम्ति संविधानमै उल्लेख गर्नुपर्ने बुँदाहरु हुन् :-

क) हरेक प्रौढ महिलाहरुलाई अनिवार्य शिक्षासँगै रोजगारको बन्दोवस्त सम्बन्धित प्रान्त, जिल्ला, नगर र गाविसले गर्नेछ,

ख) महिलाहरुलाई सुत्केरी अगाडि र पछाडि तलब र ज्यालासहितको विदा बन्दोबस्त गर्नेछ,

ग) बोक्सीको आरोप लगाई महिलालाई पीडा दिने र घरेलु हिंसालाई रोक्न कडा कानुन बनाइनेछ,

घ) महिलाहरुलाई विदेशमा लगी बेच्ने, म्यानपावर कम्पनीको नाममा ठगी गर्ने र झुठो आश्वासन दिई गलत ठाउँमा विवाह गरीदिने व्यक्तिहरुबाट क्षतिपूर्ति दिलाउनुको साथै निजहरुलाई कडा सजाय दिन बन्दोवस्त गरिनेछ ।

## १२. देशको अर्थनीति

क) सामन्ती भू-स्वामित्वकै कारण अत्यन्त अल्पमत सामन्त र जमिन्दार वर्गको हातमा देशको खेतीयोग्य भूमिको स्वामित्व कायम छ । त्यसले देशका किसान जोताहाहरुको ठूलो भाग गरिवीमा छन् र खेतीको उत्पादकत्व साह्रै न्यून हुँदैछ । भूमिको न्यायोचित वितरण र खेतीको उत्पादन वृद्धिको निम्ति क्रान्तिकारी भूमिसुधार लागू गरी 'जमीन जोत्नेको' स्वामित्वमा दिने नीति निर्माण गर्नु आवश्यक छ ।

ख) देशको अर्थतन्त्र केही भूमिपति र पूँजीपतिहरुको नियन्त्रणमा रहेको हुँदा अत्यन्त बहुमत जनता गरिवी र अभावमा छट्पटिएका छन् भने अल्पमत धनाढ्य र सम्भ्रान्त वर्गको हातमा असीमित सम्पत्ति थुप्रिएको छ । सम्पत्तिको सीमा तोक्ने बन्दोवस्त नहुँदा समाजमा आर्थिक विषमता बढेको छ भने समाजमा शोषण विरोधी भावना पनि विष्फोटक ढंगले अगाडि बढ्दैछ ।

यसकारण जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने उत्पादनका महत्वपूर्ण साधनहरु र सेवाहरु तथा व्यापारलाई निजी क्षेत्रबाट राष्ट्रियकरण वा सामाजीकीकरण गर्नु पर्ने टड्कारो छ ।

देशमा विद्यमान आर्थिक विषमता र अनियन्त्रित अर्थ व्यवस्था

रहेको स्थितिमा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार संगठन तथा अन्य बहुराष्ट्रिय कम्पनीहरुलाई विना रोकतोक नेपालमा स्वागत गरी देशलाई साम्राज्यवादीहरुको नयाँ उपनिवेश बनाउन दिने विचारलाई उदङ्ग्याउनु पर्दछ ।

ग) सुगौलीसन्धिमा नेपाल हारेपछि नेपाली गोर्खालीहरु मार्फत बेलायती साम्राज्य फैलाउन र एसिया-अफ्रिका र अन्य महादेशका देशहरुमाथि आक्रमण गर्न नेपाली सिपाहीहरुलाई प्रयोग गरियो । नेपाली सिपाहीहरु पहिलो विश्वयुद्ध, दोश्रो विश्वयुद्ध, टर्की, फोकल्याण्ड, अफगानिस्तान र इराकमा समेत प्रयोग गरियो । यसकारण पराधीनताबाट मुक्त हुन चाहने अन्य देशका जनता नेपालीहरुलाई 'भाडाका सिपाही'को रुपमा हेर्छन् । गोर्खा भर्तीकेन्द्र नेपाली जनताको निम्ति कलङ्कको टिका हो । तर आज नेपालका म्यानपावर कम्पनीहरुले नेपाली युवाहरुको घर-खेत गर्दै विदेशी कम्पनीहरुका 'गल्लावाला' बन्दै युवाहरु विदेश पठाउँदैछन् । इतिहासमा पश्चिमी देशका गल्लावालाहरुले अफ्रिकी जनतालाई जबरजस्ती अपहरण र बन्दी बनाउँदै, बाकसमा थुनेर वा बाँधेर युरोप र अमेरिकाको बजारमा दासको रुपमा बेच्थे ।

आज आफ्नै लाखौं रुपैया खर्च गराउँदै 'डलर'को लोभ देखाएर लाखौं युवाहरुलाई नयाँ 'गल्लावालाहरु'ले विदेशी कम्पनीलाई कानूनी ढङ्गले बेचविखन गर्दैछन् । कति युवाहरु मरे, कति अपाङ्ग भए, कति अलपत्र छन् र कति युवाहरु विदेशी अदालत र जेलमा मृत्युलाई पर्खदैछन् ।

हाम्रो सरकार आफैले विदेशी कम्पनीका गल्लावालाहरुलाई

कानुनी लुगा लगाइदिएको छ । डलर/ज्याला (रेमिटेन्स्) आउने नाममा देशमा मुद्रास्फीति बढाउन सरकार आफै लाग्दैछ । यसकारण विदेशमा ज्यामी पठाउने नीति स्वयं विदेशी दलाली नीति हो । सरकारको यस नीतिले नेपाली युवाहरु देश विकासको श्रम शक्ति बन्नुको सट्टा विदेशिन गई देशको उद्योगधन्दाको विकासमा बाधा बनेको स्पष्ट छ ।

विदेशमा जाने अरबौं-खरबौं रकमले देशमै अनेक उद्योगधन्दा, व्यापार, विज्ञान र प्रविधिको विकास गर्नुपर्दथ्यो ।

(घ) भू-मण्डलीकरण, निजीकरण तथा उदारीकरणको नाममा विदेशी पूँजी भित्र्याएर देशलाई नयाँ उपनिवेशवादी जालमा फसाउँदैछ । विश्व व्यापार संगठन, एसियाली विकास बैङ्क, विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र अन्य बहुराष्ट्रिय कम्पनीहरु आदि साम्राज्यवादी शक्तिको आर्थिक हतियार हुन् ।

कोशी, गण्डक र महाकालीजस्तै आज वर्तमान लोकतान्त्रिक सरकारले माथिल्लो कर्णाली, सेती र अरुण तेस्रो भारतीय एकाधिकार पूँजीको हातमा सुम्पन्दैछ । नेपालले भारतलाई बिजुली प्रति युनिट रु १.३५ पैसामा बेच्छ तर सरकारले आफ्नै नेपाली जनतालाई प्रति युनिट बिजुली रु ७.३० पैसामा बेच्छ । तर भारतले नेपाललाई प्रति युनिट ८ रुपैयामा बेच्छ । यसकारण नेपालको विद्युत प्राधिकरण र सरकार भारतीय एकाधिकार पूँजीको दलाल बनेको छ ।

भारतीय विस्तारवादले लिम्पियाधुरा, सुस्ता आदि ५४ ठाउँमा सीमा मिचेको छ । तर वर्तमान 'लोकतान्त्रिक' सरकार मौन छ ।

नेमकिपा यी सबै आर्थिक र सीमाको थिचोमिचोको विरोधमा नेपाली जनतालाई शिक्षित र सुसूचित गर्दैछ ।

निराक्षरता उन्मूलन गर्न काम गर्ने थलो र कारखानामा साक्षरता कक्षाको बन्दोवस्त गरिनेछ । विदेशी नागरिकलाई नेपाली नागरिकता दिनेमाथि कडा कारवाही गरिनेछ । देशको महत्वपूर्ण विषयहरुमा निर्णय गर्नु अगाडि जनमत संग्रह मार्फत् जनताको अभिमत लिने व्यवस्था गरिनेछ । नेपालको सार्वभौमिकता नेपाली जनतामा निहित हुनेछ । यसको प्रयोग आफ्ना प्रतिनिधिहरुबाट गरिनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको भूमिकालाई पारदर्शी र कानूनी दायरा भित्र ल्याइनेछ । तिनीहरुबाट भइरहेको समानान्तर अर्थतन्त्रको संचालन प्रति सचेत हुँदै नियन्त्रण गरिनेछ । काम वा रोजगारी हरेक नागरिकको अधिकार, कर्तव्य र गौरवको श्रोत हो । सेना, प्रहरी, निजामति कर्मचारी र शिक्षकहरुलाई देश र जनताको सेवामा समर्पित गराइनेछ । उनीहरुको काम-कार्वाही अनुशासित र पारदर्शी बनाइनेछ ।

**यही २०६४ चैत्र २८ गते सम्पन्न हुने संविधानसभाको निर्वाचनमा मादल चिन्हमा छाप लगाई नेमकिपा र पार्टीका उम्मेदवारहरुलाई विजयी गराउन हार्दिक अपिल गर्दछौं । हाम्रा विजयी प्रतिनिधिहरुले पार्टीको यो घोषणापत्र र जनताको सुझावअनुसार नयाँ संविधान निर्माणमा आवाज उठाउनेछन् ।**



# संविधानमा राखिनुपर्ने प्रावधान

क) जनताको जीवन र देशको निम्ति अत्यन्त महत्वपूर्ण उत्पादनका साधनहरु र सेवा सामाजिकीकरण र राष्ट्रियकरण गर्ने,

ख) पेट्रोलियम पदार्थ, ग्याँस र खानेपानीजस्ता दैनिक उपभोग्य वस्तुहरु तथा सेवाहरुलाई राष्ट्रियकरण गर्ने,

ग) 'जसको जोत उसको पोत' सुनिश्चित हुने गरि क्रान्तिकारी भूमिसुधार लागू गर्ने,

घ) नेपाली नागरिकको सम्पत्तिको सीमा निर्धारण गर्ने,

ङ) नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने,

च) देशको ५० प्रतिशत बजेट स्थानीय निकायमार्फत् विकास-निर्माण गर्न दिने,

छ) प्राकृतिक श्रोत र साधनहरुको सन्धि-सम्झौता संसदको दुई तिहाई बहुमतबाट हुनुपर्ने,

ज) सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीशहरु न्यायाधीशहरुबाट निर्वाचित गर्ने व्यवस्था गर्ने,

झ) नेपाली सेनाका प्रधानसेनापति सम्बन्धित अधिकृतहरुबाट निर्वाचन गर्ने र गराउने,

ञ) जनपद र सशस्त्र प्रहरीका प्रहरी महानिरीक्षकहरु सम्बन्धित प्रहरी अधिकृतबाट निर्वाचन गर्ने र गराउने,

ट) राज्यको संरचनामा जनसंख्याको आधारमा मजदुर र किसानको सहभागिता हुने व्यवस्था गर्ने,

ठ) राज्यको संरचनामा कामदार वर्गका महिलाहरुको ५१ प्रतिशत सहभागी सुनिश्चित गर्ने,

ड) पिछडिएको क्षेत्र र युगौंदेखि शोषित पीडित भएका जनतालाई अगाडि बढाउने ।

# मादल चिन्हमा छाप लगाऔं



# नेपाल मजदुर किसान पार्टीलाई जिताऔं !

## घोषणापत्रबाट

*सरकारमा बसेका दलहरुका नेताहरुको बरोबर भारत भ्रमण र भारतीय दूतावासमा वार्ता र राजनीतिक परामर्शले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप र सार्वभौमिकतामाथि थिचोमिचो हुने काम भएको स्पष्ट छ । नेपालको सिमानामा भारतले बनाएका बाँध र तटबन्धहरुले नेपालको हजारौं विघा भूमि जलमग्न भएको छ र हजारौं नेपालीको उठिवास भएको छ । तर सरकारमा बस्ने पार्टीहरु लाचार भएर भारतीय विस्तारवादको अगाडि घुँडा टेक्दै गए ।*

## घोषणापत्रबाट

*सरकारमा बस्ने दलहरुबीच राजदूत, उपकुलपति, रजिष्ट्रार आदि पदको भागबन्डा गरियो । जनआन्दोलन दबाउनेहरुमाथि कारबाही गरिएन । रायमाझी आयोगको प्रतिवेदन कागजमा सीमित भयो । अपराधीहरु ठूलठूला पार्टीहरुबाटै संरक्षित भए । भ्रष्टाचार, अभाव, वेरोजगारी, लोडसेडिङ्ग, महंगी आदि समस्यामा कुनै कमी आएन । राजाको प्रतिगामी सरकार र अन्तरिम सरकारबीच कुनै भिन्नता देखिएन ।*

मुद्रण : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१५६३